# डोल्पो बुद्ध गाउँपालिका

༄ དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྐྱིད་ཁྱབ་ལྷན་ཁང་།


## स्थानीय राजपत्र

**खण्ड-९** **संख्याः १०** **मितिः २०८२।०५।२१**


## भाग- २


## डोल्पो बुद्ध गाउँपालिका

༄ དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྐྱིད་ཁྱབ་ལྷན་ཁང་།



**कार्यपालिकाबाट स्वीकृत मिति २०८२/०५/१९**

**प्रमाणीकरण मिति २०८२/०५/२१**


### डोल्पो बुद्ध गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

राष्ट्रिय राजमार्गसंग पहुँच नभएको, विकट, दुरदराजका साथै उच्च स्थानमा बसोबास गर्ने अति विपन्न, अति अशक्त, बेचविखनमा परेका महिला, बालबालिका,दैवी प्रकोप तथा दुर्घटनाको कारण मृत्यू भएका, घर /गोठ जलेर नष्ट भएको, दुर्घटना वा जटिल एवं प्राणघातक रोगको संक्रमण भई उपचार गर्नुपर्ने स्थानीय विपन्न नागरिक र नागरिक सेवा प्रदान गर्ने क्रममा जनप्रतिनिधि र कर्मचारीहरुप्रति स्वास्थ्य उपचार र सामाजिक सेवाको भावले तत्काल आर्थिक सहातयता उपलब्ध गराउनका लागि कल्याणकारी कार्यसम्बन्धी कानुन तयार गरी आर्थिक सहायतालाई नियमन र व्यवस्थित गरी प्रभावकारी बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी डोल्पो बुद्ध गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम ' डोल्पो बुद्ध गाउँपालिका आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२' रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) “अध्यक्ष” भन्नाले डोल्पो बुद्ध गाउँपालिका अध्यक्ष सम्झनुपर्छ।

(ख) “आर्थिक सहायता” भन्नाले कार्यविधिको दफा ४ बमोजिम व्यक्तिले पाउने जिन्सी तथा नगद सहयोगलाई सम्झुपर्छ।

(ग) “आर्थिक सहायता पाउन योग्य व्यक्ति” भन्नाले आर्थिक रुपले अति विपन्न, अशक्त, बेचविखन तथा यौन शोषणमा परेका महिला तथा बालबालिका. दैवी प्रकोप तथा दुर्घटना र प्राणघातक रोगबाट प्रभावित स्थानीय नागरिक,जनप्रतिनिध र राष्ट्रसेवक कर्मचारीलाई समेत बुझ्नुपर्छ।

(घ) “उपाध्यक्ष” भन्नाले डोल्पो बुद्ध गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ङ) “कोष” भन्नाले गाउँपालिकामा रहने कार्यिविधिको दफा ६ बमोजिम स्थापित आर्थिक सहायता कोषलाई जनाउदछ।

(च) गाउँ कार्यपालिका भन्नाले डोल्पो बुद्ध गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्छ

(छ) “गाउँपालिका” भन्नाले डोल्पो बुद्ध गाउँपालिकालाई सम्झनुपर्छ।

(ज) “गाउँसभा” भन्नाले डोल्पो बुद्ध गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ।

(झ) दीर्घ एवं प्राणघातक रोग: नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्राणघातक रोगको सूचीमा सुचिकृत गरेका क्यान्सर, मुटु/हृदयघात,मृगौला फेल, लिभर सिरोसिस, पारकिन्सन, अल्जाइमर,स्पाइनल कोर्ड इन्जरी,ब्रेन स्ट्रोक, सिकल सेल एनिमिया,थालासेमिया, हेमोफिया, **bone marrow, HIV/AIDS, Tuberculosis(drug-resistant**) अगं प्रत्यारोपन सम्बन्धी समस्या,र कोभिड १९ र अन्य घातक संक्रामक रोग र रोगसंग सम्बन्धित रोगहरुलाई जनाउदछ।

(ञ) “दुर्घटना” भन्नाले प्राकृतिक र मानवीय कारणले हुने क्षति सम्झनुपर्छ।

(ट) प्रमुख प्रशासकीय अधिकृत भन्नाले डोल्पो बुद्ध गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

## परिच्छेद -२
## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

**३. निवेदन दिनुपर्ने:** (१) प्राणघातक रोग, प्राकृति विपद र मानवीय कारण हुने दुर्घटना, हिंसा तथा यौन शोषण र बेचिवखन आदिबाट प्राभावित स्थानीय नागरिकले आवश्यक कागजात संलग्न गरी अनुसूची १ बमोजिमको निवेदन गाउँपालिकाकाव कार्यालयसमक्ष पेश गर्नुपर्ने छ।

(२). उपदफा (१) मा उल्लिखित व्यहोरामध्ये नागरिक सेवा प्रदान गर्नेक्रममा प्राणघातक रोग, प्राकृति विपद र मानवीय कारण हुने दुर्घटनाबाट प्रभावित भएको अवस्थामा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीले समेत निवेदन दिन सक्ने छन।

(३) आर्थिक सहायताको लागि निवेदनका साथ संलग्न गर्नेपर्ने कागजात देहाय बमोजिम हुनु पर्नेछ:

(क)स्पष्ट कारण खुलेको सक्कल निवेदन,

(ख)कारण खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ग) अस्पतालको स्वास्थ्य परीक्षण रिपोर्ट, बेड भर्ना भएको प्रमाण, स्क्रिपसन आदि,

(घ) स्वास्थ्य शाखा प्रमुखको सिफारिस,

(ङ) हेलिकप्टर चार्टर गरेको भए सोको बिल र फोटो,
(च) मृत्यू भएको खण्डमा अस्पतालको पोष्टमार्टम रिपोर्ट र मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(छ) दुर्घटना तथा विपदको हकमा प्रहरी कार्यालयको स्थलगत सर्जमिन मुचुल्का,
(ज) भौतिक संरचना (घर/गोठ) मा क्षति भएको भए प्राविधिक मूल्याङ्कन,
**(झ)** अन्य आवश्यक थप प्रमाण जनप्रतिनिधि र कर्मचारीको हकमा ।

**४.** आर्थिक सहायता प्रदान गर्ने: (१)प्राण घातक रोगहरु मृगौला, मुटु,कलेजो, मस्तिष्क, पक्षघात, क्यान्सर आदि रोगबाट संक्रमित व्यक्तिको उपचारको लागि बाहिर लिनुपर्ने / लिइ उपचार गर्नुपर्ने अवस्थाका विरामीको उपचारका लागि रु ५००००-१०००००। सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) आर्थिक रुपमा विपन्न तथा सिकिस्त विरामी भइ सघन उपचारको लागि बाहिर रिफर गर्नुपर्ने अवस्था, प्राकृतिक विपद र मानवीय कारणले दुर्घटनामा परी घाइतेलाई बचाउन हेलिकप्टर चार्टर वा अन्य छिटो छरितो साधान प्रयोग गरी बाहिर लिई उपचार गर्नुपर्ने अवस्थाका विरामीको उपचारका लागि रु ५००००-१०००००।सम्म आर्थिक सहायता उपलब्ध गाउन सकिनेछ।

**(३).** प्राकृतिक विपद तथा मानवीय कारण हुने दुर्घटनाबाट विषम परिस्थितिको सिर्जना भई सोको कारणले मृत्यु भएमा सोको पोष्टमार्टम गर्न, वेवारिसे ल्हाँस फेला परेमा निजको सदगद् गर्न वा व्यवस्थापन गर्न वा अति विपन्न परिवारका सदस्यको काजकिरिया गर्नको लागि बढीमा रु. ५०,०००। ( पचास हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

**(४)** यौन हिंसाबाट पीडित एवं बेचविखनमा परेका महिलाहरूको तत्काल उद्दार गर्न बढीमा रु. २०,०००।( बीस हजार)सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। साथै पीडितलाई न्याय दिलाउन एवं पुन:स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**(५)** वेवारिसे अवस्थामा फेला परेको, जबरजस्ती, जोखिमयुक्त श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, बाबु आमा वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएको, सुस्तमनस्थिति भएको, सडक बालबालिका, एचआइभी एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्दार गरी पालनपोषणका लागि बढीमा रु.२०,०००। (बीस हजार) आर्थिक सहायता र बालबालिकाको शिक्षा दिक्षाको लागि विद्यालयसंग समन्वय गरी छात्रवृत्तिमार्फत पठनपाठनको व्यवस्था गर्न सकिनेछ ।

**(६)** बाढी, पहिरो, आगजनीका कारणबाट घर/ गोठमा पूर्ण क्षति भई प्रभावित आर्थिक रुपमा विपन्न भएको कारण निजको दैनिक निर्वाह एवं आवास व्यवस्थापनका लागि बसोबास पुनस्थापनाका लागि राहत स्वरुप रु. ३०,०००-५०,०००। सम्म आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

**५. आर्थिक सहायताको निर्णय गर्ने** : (१) दफा ३ बमोजिम प्रकृया पुरा गरि आर्थिक सहायता माग भएमा बढीमा २०,०००।(बीस हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय कोष सञ्चालन तथा व्यवस्थापन समितिले गर्न सक्नेछ ।
(२) उपदफा (१) मा तोकिएको भन्दा बढी बजेट सीमाको आर्थिक सहायता प्रदान गर्नु परेमा प्रमाण खुल्ने कागजातका आधारमा मनासिव ठहर्याईएका निवेदन उपर आर्थिक सहायता प्रदान गर्ने निर्णय गाउँकार्यपालिका बैठकमा गर्नुपर्नेछ ।

## परिच्छेद - ३
## कोषको सञ्चालन तथा व्यवस्थापन

**६. आर्थिक सहायता कोषको व्यवस्था :** (१) यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्दार तथा पुर्नस्थापना गर्ने प्रयोजनका लागि एक आर्थिक सहायता कोषको स्थापना स्थापना गरिनेछ उक्त कोषमा देहायको रकम जम्मा गरिनेछ :

(क) सङ्घीय सरकार, प्रदेश सरकार, गाउँ सभाबाट विनियोजन भएको अनुदान रकम,

(ख) सरकारी तथा गैरसरकारी सङ्घ संस्था, व्यक्ति तथा निजी क्षेत्रबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान,

(ग) यस्तै प्रकृतिको आर्थिक सहायताका लागि प्राप्त जुनसुकै रकम।

**७. आर्थिक सहायता कोष सञ्चालन समिति :**(१) गाउँपालिकामा आर्थिक सहायता कोषबाट रकम सहायताको निर्णय गर्न र आर्थिक सहायता कोषमा दिएको रकमको अनुगमन गर्न देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| उपाध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| महिला, बालबालिका शाखा प्रमुख | - सदस्य |
| गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

**८. कोष सञ्चालन तथा लेखापरीक्षणको व्यवस्था:** (१) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।(२) कोषको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नुपर्नेछ। (३) कोषको लेखा परीक्षण गाउँपालिकाको खर्चको लेखा परीक्षण गर्न तोकिएको निकायबाट हुनेछ।

**९. परामर्श तथा सहयोग लिन सक्ने :** (१) समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त सम्झेका व्यक्ति तथा निकायसँग आवश्यक परामर्श तथा सहयोग लिन सक्नेछ।

**१०. पारदर्शिता र जवाफदेहिता :** कोषबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण त्रैमासिक रुपमा सार्वजनिक गरिनेछ साथै कार्यालयको वेवसाइटमा समेत उल्लिखित व्यहोरा जानकारी गराइनेछ। सम्बन्धित सरोकारवालाहरूबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा समिति तथा गाउँपालिकाबाट आवश्यक विवरण उपलब्ध गराइने छ।

## परिच्छेद - ४
## आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्था

**११. आर्थिक सहायता दिन सक्ने :** (१) गाउँपालिकाको सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक, साँस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक, स्वास्थ्य अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिमको कोषको अवस्था हेरी एक पटकका लागि मात्र बढीमा रु ५०,०००। (पचास हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) गाउँपालिका कार्यालयको कामको सिलसिलामा वा कार्यालयको काममा आउँदा वा फर्किदा गाउँपालिकामा कार्यरत कुनै कर्मचारी वा गाउँपालिकाको कुनै जनप्रतिनिधि प्राणघातक रोगको कारण वा आकस्मिक दुर्घटना परी उपचार गर्न बाहिर जान परेमा वा जनप्रतिनिधि तथा कर्मचारीको मृत्यु भएमा निज वा निजको हकवालालाई बढीमा रु. १००,०००। ( एक लाख ) रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

**१२. आर्थिक सहायता नदोहर्याइने :** यस कार्यविधि बमोजिम स्थापित कोषबाट प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई पटक पटक दोहर्याउने साथै अन्य निकायबाट प्राप्त गरेको भएमा दोहोरो पर्ने गरी उपलब्ध गराइने छैन।

## परिच्छेद - ५
## विविध

**१९. संशोधन तथा परिमार्जन :** यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**२०. खारेजी र बचाऊ :** (१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरूको हकमा यसै अनुसार र अन्य प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**अनुसूची -१**
**निवेदनको ढाँचा**
**(दफा ८ सँग सम्बन्धित)**

मिति : .................

श्रीमान् प्रमुख प्रशाकीय अधिकृत ज्यू
डोल्पो बुद्ध गाउँपालिकाको कार्यालय, डोल्पा ।

विषय : आर्थिक सहायता उपलब्ध गराइदिनुहुन ।

महोदय,

उपर्युक्त विषयमा म / हामी ............................... को कारण समस्यामा परी ........................गर्नुपर्ने व्यहोरा अवगत गराउँछु / छौं । उपचार/ ………….. को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक / ठुलो धनरासी चाहिने भएकोले सोको लागि त्यस कार्यालयबाट आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपसिलका कागजातहरू यसै साथ संलग्न गरी पेस गर्दछु ।

**तपसिल**

१. आर्थिक रुपले विपन्न भएको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता / जन्मदर्ता / विवाह दर्ताको प्रतिलिपि
३. अस्पताल / सम्बन्धित निकायको रिपोर्ट
४. वडा अध्यक्ष, स्वास्थ्य संयोजक र सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस

निवेदक
नामथर :
ठेगाना :
दस्तखत :

आज्ञाले
मन बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत